# प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि-२०८० (परिमार्जित)

प्राज्ञपरिषद्‌बाट स्वीकृत मिति : २०८०/०८/२९
प्रथम संसोधन मिति २०८१/०८/०२

**प्रस्तावना** : बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक नेपालको ललितकला संरक्षण, सम्वर्धन, प्रवर्धन एवं सर्वाङ्गीण विकास गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन २०६४ परिच्छेद २ को दफा ५ (ट)मा व्यवस्था भए बमाजिम **प्रादेशिक ललितकला प्रदर्शनी**को सञ्चालनलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नियमावली २०६८ को नियम ५७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

## १. संक्षिप्त नाम, प्रारम्भ र प्रदेश तथा स्थानीय सरकारसँगको सम्बन्ध

क) यस कार्यविधिको नाम **प्रादेशिक ललितकला प्रदर्शनी** कार्यविधि-२०८० रहेकोछ ।
ख) यो कार्यविधि प्रदेश सरकार, प्रदेश प्रज्ञा प्रतिष्ठान र सम्बन्धित प्रदेशका अन्य सरोकारवालाहरुसँग आबश्यक छलफल गरी प्राज्ञपरिषद्‌ले स्वीकृत गरेका मितिदेखि लागु हुनेछ । (यसलाई परिमार्जन गर्नु पर्छ कि ?)
ग) प्रादेशिक ललितकला प्रदर्शनी प्रदेश सरकार, प्रदेश प्रज्ञा प्रतिष्ठान, स्थानीय सरकार तथा स्थानीय तह प्रज्ञा प्रतिष्ठानहरु र सम्बन्धित प्रदेशका अन्य सरोकारवाला संघ, संस्था र व्यक्तिहरुको सक्रिय सहयोगमा सञ्चालन हुनेछ ।

## २. परिभाषा

क) **प्रतिष्ठान** भन्नाले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान भन्ने बुझ्नुपर्दछ ।
ख) **प्रदेश सरकार** भन्नाले सम्बन्धित प्रदेशको प्रदेश सरकार भन्ने बुझ्नु पर्दछ ।
ग) **प्रदेश प्रज्ञा प्रतिष्ठान** भन्नाले प्रदेश सरकारबाट प्रदेशस्तरमा गठन भएको प्रदेश प्रज्ञा प्रतिष्ठान भन्ने बुझ्नु पर्दछ ।
घ) **स्थानीय सरकार** भन्नाले प्रदेशभित्रका स्थानीय तहका सरकार (पालिकाहरु) भन्ने बुझ्नु पर्दछ
ङ) **स्थानीय तह प्रज्ञा प्रतिष्ठान** भन्नाले प्रदेश भित्रमा पालिकाहरुद्वारा गठन भएका स्थानीय तह प्रज्ञा प्रतिष्ठान/परिषद्/समिति भन्ने बुझ्नु पर्दछ ।
च) **प्रदर्शनी** भन्नाले प्रदेशस्तरमा हुने प्रादेशिक ललितकला प्रदर्शनी भन्ने बुझ्नुपर्दछ ।
छ) **राष्ट्रिय ललितकला प्रदर्शनी** भन्नाले प्रादेशिक ललितकला प्रदर्शनीमा समावेस भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेस गर्न उपयुक्त भनी प्रदेश छनोट/मूल्याङ्कन समितिबाट सिफारिस भएका कलाकृतिहरु, सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेस भएका अप्रतियोगी कलाकृतिहरु र प्रज्ञा प्रतिष्ठानले आमन्त्रण गरेका कलाकारका कलाकृतिहरु समावेसगरी राष्ट्रियस्तरमा गरिने राष्ट्रिय ललितकला प्रदर्शनी भन्ने बुझ्नुपर्दछ ।
ज) **प्राज्ञपरिषद्** भन्नाले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राज्ञपरिषद् भन्ने बुझ्नुपर्दछ ।
झ) **समिति, उपसमिति तथा अध्यक्ष, सह-अध्यक्ष, संयोजक, सह-संयोजक र सदस्यहरु** भन्नाले प्रादेशिक ललितकला प्रदर्शनीका लागि गठन भएका यस निर्देशिका बमोजिमका समिति, उप-समितिहरु र तिनका पदाधिकारी र सदस्यहरु भन्ने बुझ्नु पर्दछ ।

ञ) **प्रतियोगिता भन्नाले** प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई राष्ट्रिय ललितकला प्रदर्शनीका लागि छनोट भएका प्रतियोगी कलाकृतिहरु वीचको प्रतियोगिता भन्ने बुझ्नुपर्दछ ।

ट) **आमन्त्रित कलाकार** भन्नाले प्रदर्शनीमा कलाकृति समावेश गर्न प्रज्ञा प्रतिष्ठान वा **प्रादेशिक प्रदर्शनी कार्यकारी समितिवाट** आमन्त्रण गरिएका वा अन्य तोकिएका कलाकारका कलाकृति भन्ने बुझ्नुपर्दछ । यस्ता कलाकारका कलाकृतिलाई छनौट प्रक्रियामा राखिने छैन र प्रतियोगितामा समावेस पनि गराईने छैन ।

ठ) **मौलिक कलाकृति** भन्नाले कसैको हुबहू नक्कल नगरिएको अरुको भन्दा भिन्न र आफ्नोपन भएको कलाकृति भन्ने बुझ्नुपर्दछ ।

ड) **तोकिएको** भन्नाले प्राज्ञपरिषद् वा प्रादेशिक प्रदर्शनी कार्यकारी समितिले तोकेबमोजिम भन्ने बुझ्नु पर्दछ ।

## ३. विधागत सहभागिता

क) प्रादेशिक ललितकला प्रदर्शनीमा निम्न विधाका कलाकृतिहरु समाबेस हुन सक्नेछन् ।

१.परम्परागत चित्रकला (पौभा, थाङ्का)

२.समसामयिक चित्रकला (समसामयिक चित्र तथा प्रिण्ट मेकिङकला)

३.परम्परागत मूर्तिकला

४.आधुनिक/समसामयिक मूर्तिकला

५.लोककला (विभिन्न जातजातिका संस्कार, संस्कृति तथा भूगोलमा आधारित स्थानीय कलाहरु)

६.हस्तकला/शिल्पकला

७.सिर्जनात्मक कला, वास्तुकला तथा अन्य सिर्जनात्मक कला

क.वास्तुकला (शास्त्रीय)

ख.अन्य सिर्जनात्मक कला

- प्रतिस्थापन तथा भावभङ्गीमा कला (Installation and Performance Arts/Mural)
- ग्राफिक्स कम्युनिकेसन(Graphics Communication)(कार्टुन, पोष्टर र डिजिटल चित्रकला)
- सिर्जनात्मक छविकला ( Creative Photography)तथा सिर्जनात्मक भिडियोकला (Creative VideoArt)

## ४. प्रदर्शनी सम्बन्धी नियम तथा मापदण्डहरु :

**क) प्रदर्शनीसम्बन्धी नियमहरु :**

१) प्रादेशिक ललितकला प्रदेर्शनीमा सहभागी हुन चाहने कलाकारले अनुसूची १ अनुसारको प्रकाशित सूचनामा तोकिएको अबधि भित्र प्रतिष्ठानवाट वा प्रदेशको तोकिएको ठाउँबाट उपलब्ध हुने अनुसूची-२ अनुसारको फाराम अनिवार्य रुपमा भरी आफ्नो स्थायी ठेगाना रहेको प्रदेशको प्रादेशिक ललितकला प्रदर्शनीका लागि तोकिएको स्थानमा कलाकृति दर्ता गराउनु पर्नेछ ।

२) अप्रतियोगी कलाकारले आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीमा वा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा आ-आफ्ना कलाकृति बुझाउन सक्नेछन् तर प्रतियोगी कलाकार आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीमा मात्र सहभागी हुन पाउनेछन् ।

तर-

क) प्रज्ञा प्रतिष्ठान वा **प्रादेशिक प्रदर्शनी कार्यकारी समितिवाट** आमन्त्रण गरिएका वा अन्य तोकिएका कलाकारका कलाकृतिका हकमा भने उपदफा (३) बमोजिम कलाकृति एक बर्ष भित्रै सिर्जना गरिएका हुनुपर्ने र कुनै प्रदर्शनीमा समावेश नभएको हुनुपर्ने भन्ने तथा उपदफा (११) बमोजिम **प्रदेश मूल्याङ्कन/छनौट** समितिले छनौट गरेपछिमात्र प्रदर्शनीमा समावेश गरिने भन्ने प्रावधान लागु हुने छैन । तर बिगतका राष्ट्रिय वा प्रादेशिक ललितकला प्रदर्शनीमा प्रदर्शित भैसकेका कलाकृतिहरु भने प्रदर्शनीका लागि मान्य हुने छैनन् ।

ख) कुनै कलाकारले आफ्नो कलाकृतिलाई प्रतियोगितामा समावे नगर्ने भएमा कलाकृति बुझाउँदा भरिने फाराममैं प्रष्टरुपमा अप्रतियोगी भनि उल्लेखगरी बुझाउनु पर्नेछ ।

३) प्रदर्शनीमा प्रतियोगिताका लागि समावेश गरिने कलाकृतिहरु एक वर्षभित्र रचना गरिएको मौलिक हुनकासाथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्नेछ।

४) हुबहू नक्कल गरिएको (copy Work) कलाकृतिलाई प्रदर्शनीमा समावेश गराइने छैन।

५) कलाकृतिको माध्यम विविध हुन सक्नेछ।

६) प्रदर्शनीमा सहभागी हुने कलाकार अठार वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्नेछ।

तर नवप्रतिभा कलाकारका हकमा भने १६ बर्ष उमेर पुरा गरी २८ बर्ष ननाघेको हुनुपर्नेछ।

७) प्रदर्शनीमा नवप्रतिभा कलाकारहरुका कलाकृतिमध्येबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश हुन उपयुक्त कलाकृतिको छनोट समितिले छनोट गरी राष्ट्रिय ललितकला प्रदर्शनीमा नवप्रतिभा कलाकारका रुपमा सहभागिताका लागि सिफारिस गर्ने छ। यसरी नवप्रतिभा कलाकार प्रतियोगितामा समावेश हुन चाहने कलाकारले दर्खास्त फाराम बुझाउँदा नै आफु नवप्रतिभा कलाकारका रुपमा प्रतियोगितामा समावेश हुने कुरा दर्खास्त फाराममा प्रष्ट खुलाउनु पर्नेछ ।

तर प्रदर्शनीमा कम्तिमा ५ वटा कलाकृति सहभागी भएको अवस्थामा मात्र यो प्रतियोगिता गराइनेछ र प्रादेशिक प्रदर्शनीमा ५ वटा कलाकृति प्रदर्शित भएका तर राष्ट्रिय प्रदर्शनीमा समावेस हुन ५ वटाभन्दा कम कलाकृति छनोट भएका भए प्रदेश छनोट समितिले प्रादेशिक प्रदर्शनीमा समावेस मध्येबाट निर्देशिका बमोजिम मूल्याङ्कन गरी मूल्याङ्कन फाराम गोप्य रुपमा प्रज्ञा प्रतिष्ठानमा पठाउनु पर्ने छ र सोही मूल्याङ्कनका आधारमा प्राज्ञपरिषद्ले निर्णय गरी कलाकारलाई पुरकृत गर्ने छ।

८) सहभागी हुन चाहने कलाकारले कलाकृति बुझाउँदा आफ्नो व्यक्तिगत विवरण (बायोडाटा) सहित नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र एक प्रति रंगिन **पोस्टकार्ड** साइजको फोटो संलग्न राखी पेश गर्नु पर्नेछ ।

९) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारले फाराम शुल्क वापत अनुसूची १ बमोजिमको सूचनामा तोकिए अनुसारको रकम बुझाउनु पर्नेछ । तर आमन्त्रित र अप्रतियोगी कलाकारले यो शुल्क बुझाउनु पर्ने छैन ।

१०) एकजना कलाकारले एकै वा फरक -फरक बिधाका बढीमा दुईवटासम्म कलाकृतिहरु बुझाउन सक्नेछन् ।

११) प्राप्त कलाकृतिलाई प्रदर्शनी वा प्रतियोगितामा सहभागिताकालागि यस कार्यविधि बमोजिमको छनोट/मूल्याङ्कन समितिले छनोट गरी **प्राज्ञपरिषद्/प्रदेश कार्यकारी समितिमा** सिफारिस गर्ने छ । छनोट/मूल्याङ्कन समितिको सिफरिसलाई यथावत् रुपमा अनुमोदन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार **प्राज्ञपरिषद्/प्रदेश कार्यकारी समितिमा** निहित रहनेछ।

१२) प्रदेश प्रदर्शनीमा राख्न छनोट भएका कलाकृति मध्येबाट छनोट/मूल्याङ्कन समितिले उपयुक्त कलाकृति छनोट गरी राष्ट्रिय ललितकला प्रदर्शनीमा राख्नका लागि सिफारिस गर्नेछ । यसरी सिफारिस गरी पठाउँदा नवप्रतिभा कलाकारका रुपमा प्रतियोगितामा समावेश कलाकृतिको छुट्टै सूची तयार गरी पठाउनु पर्ने छ ।

१३) एकजना कलाकार तीन पटक (कुनै तीनवटा प्रादेशिक ललितकला प्रदर्शनीमा) सम्म पुरस्कृत हुनसक्ने छ । लगातार तीनपटक प्रदेश सर्बोत्कृष्ट ललितकला पुरस्कार पाएमा त्यस्तो कलाकारलाई प्रदेश ललितकला प्रज्ञा स्वर्ण पदक प्रदान गरिनेछ ।

१४) प्रदर्शनीकालागि प्राप्त कलाकृतिहरुमध्ये राष्ट्रिय ललितकला प्रदर्शनीमा राख्न सिफारिस भएका बाहेक अन्य कलाकृति प्रदर्शनी सकिएको एक हप्ताभित्र फिर्ता लानुपर्नेछ । तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानी-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुनेछैन ।

१५) भवितव्य परी कुनै पनि कलाकृतिहरुको हानि-नोक्सानी हुन गएमा प्रतिष्ठान जवाफदेही हुनेछैन ।

१६) प्रदर्शनीलाई समयबद्ध र व्यवस्थित रुपमा सञ्चालन गर्न प्रत्येक वर्ष प्रादेशिक ललितकला प्रदर्शनीको प्रक्रिया शुरु हुनुभन्दा अगाडिनै प्राज्ञपरिषद्बाट प्रदर्शनीको कार्यतालिका (क्यालेण्डर) तयार गर्नुपर्नेछ र यसरी तयार भएको कार्यतालिका यस कार्यविधिको अभिन्न अङ्ग हुनेछ ।

**ख) प्रदर्शनीमा निम्न मापदण्ड बमोजिमका कलाकृतिहरु मात्र समावेश गरिनेछ ।** (छलफल हुनुपर्ने)

**१) चित्रकला :**

**क) समसामयिक चित्रकला :फ्रेम बाहेक न्यूनतम आकार २×२ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ ।**

**ख) परम्परागत चित्रकला : :फ्रेम बाहेक न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ ।**

**ग) प्रिण्ट मेकिङः : पेण्टिङ्को साइज न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ ।**

२) मूर्तिकला : स्ट्याण्ड वा प्याडेस्टलबाहेक १ फिटभन्दा माथिको र अधिकतम ६×६×६ फिटसम्मको हुनका साथै बढीमा १५० किलोग्रामसम्म तौलको हुनुपर्नेछ । सजिलैसँग टुटफुट हुनसक्ने मूर्तिहरु टुटफुट हुन गएमा प्रतिष्ठान जिम्मेवार हुने छैन ।

३) वास्तुकला /शास्त्रीय (**Architecture /classic** ) मौलिक र सोको सृजनात्मक मोडेल घटीमा (वेसमेन्ट बाहेक) २ ×१.५×१, बढीमा ६×४×३ फिटसम्मको हुनुपर्नेछ । साथै त्यसको ड्रईङ वा स्केच समेत साथै पेश गरेको हुनुपर्नेछ ।

४) सिर्जनात्मक छविकला (**Creative Photography**): कम्तिमा २×२ देखि बढीमा ३×३ फिटसम्मको ( फ्रेमसहित) हुनुपर्नेछ ।

५) भिडियो आर्ट : बढीमा २ वटा क्लिप्ससम्म अधिकतम ३ मिनेटको **Pendrive/DVD** मा सम्पादन सहितको २ थान पेश गर्नुपर्नेछ ।

६) प्रतिस्थापन कला **(Installation Art)**: प्रतिस्थापन कला (**Installation Art**) प्रतियोगितामा सहभागी हुनचाहने कलाकारले कलाकृति बुझाउन तोकिबबएको म्याद भित्रै बढीमा २०० शब्दको अवधारणापत्र ( **concept paper**) र ३/४ साइडको एक-एक प्रति तस्वीर अनिवार्यरुपमा बुझाउनु पर्नेछ र छनौट समितिले सोही अबधारणापत्र (**concept paper**) र तस्वीरको आधारमा छनौट गर्ने छ । छनौट समितिबाट छनौट भएमा मूल्याङ्कन समितिबाट मूल्याङ्कनकालागि प्रतिष्ठानले तोकेको स्थान, मिति र समयमा बढीमा १०० वर्गफिटक्षेत्रमा आफ्नो कलाकृति प्रदर्शित गर्नु पर्ने छ । मूल्याङ्कन समितिबाट मूल्याङ्कन भईसकेपछि प्रदर्शनी हुनुभन्दा ३ (तिन) दिन अगाडि नै तोकिएको स्थानमा आफ्नो कलकृति प्रदर्शनकालागि प्रतिष्ठापन गर्नुपर्नेछ । प्रतिष्ठापन कला (**Installation Art** ) दुई बर्ष भित्र कतै प्रदर्शित भएको भएपनि प्रदर्शनीमा समावेशगरिनेछ ।

७) भावभङ्गीमा कला : **(Performance Arts)** राष्ट्रिय ललितकला प्रदर्शनीमा कलाकृति बुझाउन तोकिएको म्याद भित्रै तोकिएको दर्खास्त साथ बढीमा २०० शब्दको अबधारणापत्र (concept paper ) र बढीमा ५ मिनेटसम्मको Video Clipअनिवार्य बुझाउनु पर्ने छ । उक्त अबधारणापत्र (concept paper ) र video clip छनौट समितिबाट स्वीकृत भएमा मूल्याङ्कनको लागि (concept paper ) र Video Clip मूल्याङ्कन समिति समक्ष तोकिएको स्थान, मिति र समयमा प्रस्तुत गर्नु पर्ने छ । त्यस पछिमात्र सो कृति प्रादेशिक ललितकला प्रदर्शनीमासमावेश गराइनेछ ।

८) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला:

क) मौलिक दृष्टान्त चित्रकला :

मौलिक दृष्टान्त कलाको न्यूनतम आकार ८X१२ र अधिक्तम १४X२४ इन्च सम्मको एक वा एक भन्दा बढी संृखला हुनुपर्नेछ ।

ख) कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला:

न्यूनतम आकार १५ ×२२ इन्चर अधिक्तम २४×३६ इन्चसम्मको हुनुपर्नेछ ।

९) लोककला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ ।

१०) हस्तकला :

क) अधिकतम आकार ६ फिटसम्मको हुनुपर्नेछ ।

ख) बहुमूल्य कलाकृति भएमा वा ६ इन्चभन्दा सानो कलाकृति भएमा सुरक्षित हुने किसिमले न्यूनतम ६X६X६ इन्चसम्मको पारदर्शी बाकसमा राखी ल्याउनु पर्नेछ ।

## ४) प्रादेशिक प्रदर्शनीलाई व्यवस्थितरुपमा सञ्चालन गर्नकालागि प्रदेशस्तरमा निम्न अनुसार समितिहरु रहने छन् ।

(क) छनोट समिति :

१) प्रादेशिक ललितकला प्रदर्शनीमा आफ्ना कलाकृति समावेश गर्न चाहने कलाकारका प्रदर्शनीमा समावेश गर्न उपयुक्त कलाकृति छनौट गर्न तथा प्रादेशिक प्रदर्शनीकालागि छनोट भएका कलाकृतिहरु मध्येबाट पनि छनोट गरी राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेस गर्नका लागि सिफारिस गर्न **प्राज्ञपरिषद्/प्रदेश कार्यकारी समिति**बाट सकेसम्म सबै कला बिधाको प्रतिनिधित्व हुनेगरी बढीमा ५ जनासम्म विज्ञ कलाकारहरु रहेको प्रदेशस्तरीय कलाकृति छनोट समिति गठन गरिनेछ ।

२) प्रदेश छनोट समितिले प्रादेशिक प्रदर्शनीका लागि प्राप्त कलाकृतिहरु मध्येबाट प्रदर्शनीमा राख्नकालागि छनोट गर्ने तथा छनोट भई प्रादेशिक प्रदर्शनीमा समावेश भएका कलाकृतिहरु मध्येबाटै राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेशगर्न उपयुक्त कलाकृतिहरु राष्ट्रिय ललितकला प्रदर्शनीकालागि पठाउन सिफारिस गर्ने छ ।

३) छनोटमा नपरेका कलाकृतिलाई प्रदर्शनीमा समावेशगराईने छैन र राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेशगर्न उपयुक्त भनि प्रदेशवाट सिफारिस नभएका कलाकृतिलाई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेशगराईने छैन ।

तर -

(क) कुनै कारणले प्रदेश प्रदर्शनी हुन नसकेको अवस्थामा प्रज्ञा प्रतिष्ठानले बिशेष ( बैकल्पिक) व्यवस्था गर्न सक्ने छ ।

(ख) प्रज्ञा प्रतिष्ठान वा **प्रादेशिक प्रदर्शनी कार्यकारी समितिवाट** आमन्त्रण गरिएका वा अन्य तोकिएका कलाकारका कलाकृति छनोट प्रक्रियामा समावेस हुनुपर्ने छैन ।

(४) कुनै पनि विधामा (नवप्रतिभाका क्षेत्रमा समेत) सामान्यतया कम्तिमा ५ जना कलाकारहरुको सहभागिता नभएमा सो विधालाई पुरस्कारको लागि सिफारिश गरिनेछैन । तर

(५) छनौट समितिले कलाकृति छनौट गर्दा निम्न आधार समेतलाई ध्यानमा राख्नु पर्नेछ :

क) कलाकृतिको मौलिकतामा ध्यान दिनुपर्ने,

ख) एक वर्षभित्र बनाइएको कलाकृति हो/होइन यकिन गर्नुपर्ने,

ग) भौगोलिक क्षेत्रलाईसमेत आधार बनाउनुपर्ने ।

घ) कलाकृति मापदण्ड अनुसारको छ/छैन यकिन गर्नु पर्नेछ,

ङ) कलाकृति कसैको हुबहू नक्कल(copy)गरिएको हो होइन ? यकिन गर्नु पर्ने छ ।

**(ख) अनुशासन समिति :**

१) प्रादेशिक ललितकला प्रदर्शनी सञ्चालन गर्ने कममा कसैले प्रदर्शनीमा वाधा अवरोध वा हानी नोक्सानी पुग्ने गरी कुनै क्रियाकलाप गरेमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट हुने कारवाही र क्षतिपूर्ति भराउन लगाउनका अतिरिक्त त्यस्तो क्रियाकलापमा संलग्न व्यक्ति कलाकार भए जाँचबुझ गरी अनुशासनको कारवाही गर्न सो प्रदेश समितिको संयोजक प्राज्ञपरिषद सदस्यको संयोजकत्वमा निम्न अनुसार सदस्यहरु रहेको प्रादेशिक अनुशासन समिति गठन गरिनेछ ।

१) प्रदेश समितिको संयोजक प्राज्ञपरिषद सदस्य -संयोजक

२) सो प्रदेशका बरिष्ठ कलाकार मध्ये प्राज्ञपरिषद्/प्रदेश कार्यकार समितिले मनोनयन गरेका २ जना कलाकार -सदस्य

२) समितिले प्रदर्शनीलाई वाधा अवरोध वा क्षति पुग्ने के-कस्तो क्रियाकलाप गरेको हो ? जाँचबुझ गरी त्यस्तो वाधा अवरोध वा क्षति पुऱ्याउने व्यक्तिसंग समेत सोधपुछ

कासाथै निजलाई सफाइको मौका समेत दिई निज कलाकार भएमा घटनाको प्रकृति हेरी अनुशासन समितिले निम्न कारवाही गर्न सक्नेछ ।

क) सचेत गराउने,

ख) अर्को वर्ष हुने एउटा राष्ट्रिय ललितकला प्रदर्शनीमा सहभागी हुन नपाउने,

ग) आगामी एक वर्षसम्म राष्ट्रिय ललितकला प्रदर्शनी लगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने ।

घ) तीन वर्ष सम्म राष्ट्रिय ललितकला प्रदर्शनी लगायत नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने ।

ङ) पाँच वर्ष सम्म राष्ट्रिय ललितकला प्रदर्शनी लगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा सहभागी हुन नपाउने ।

च) राष्ट्रिय ललितकला प्रदर्शनी लगायत नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानबाट सञ्चालित कुनै पनि क्रियाकलापमा आजीवन सहभागी हुन नपाउने र प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिएको परिचयपत्र भए सो समेत फिर्ता लिने ।

छ) आरोपित व्यक्ति प्रज्ञा प्रतिष्ठानको प्राज्ञपरिषद् वा प्राज्ञसभा सदस्य भएमा परिषद् सदस्य भए परिषद्मा र प्राज्ञसभा सदस्य भए प्राज्ञसभामा आवश्यक कारवाही हुनका लागि अनुशासन समितिले सिफारिश गर्नेछ ।

ज) कर्मचारी भए अनुशासन समितिको सिफारिशमा कसूर हेरी प्रचलित कानुन बमोजिम विभागीय कारवाही हुनेछ ।

झ) माथि उल्लेखित बाहेक अन्य व्यक्तिले त्यस्तो गतिविधि गरेकोभएमा समितिको प्रतिवेदन सहित कारवाहीका लागि सम्बन्धित निकायमा पठाईनेछ ।

ञ) यस्तो अनुशासनको कारवाही गर्नु पूर्व आरोपित व्यक्तिलाई सफाईको उचित मौका दिनुपर्नेछ ।

ट) त्यस्तो घटना घटाएको अवस्थामा प्रत्यक्ष देख्ने वा जानकार व्यक्तिहरुलाई समितिले बोलाई उनीहरुबाट घटना सम्बन्धमा आवश्यक जानकारी लिन सक्नेछ ।

## ५. पुरस्कारको व्यवस्था

क) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न छनोट भई आएका सबै प्रदेशका प्रतियोगी कलाकृतिहरु समावेस गरी ती कलाकृति मध्येबाट राष्ट्रिय ललितकला प्रदर्शनी कलाकृति छनोट/मुल्याङ्कन समितिले मुल्याङ्कन गरी राष्ट्रिय ललितकला प्रदर्शनी कार्यबिधि २०८० को दफा ५ बमोजिम राष्ट्रिय स्तरका ललितकला पुरस्कारका लागि छनोट गरिसकेपछि बाँकी रहेका कलाकृतिहरुलाई प्रदेश अनुसार छुट्याई राष्ट्रिय ललितकला प्रदर्शनी छनोट/मुल्याङ्कन समितिले प्रदेशगत रुपमा निम्न अनुसार प्रादेशिक ललितकला पुरस्कारका लागि मूल्याङ्कन गरी प्राज्ञ परिषद्मा सिफारिस गर्नेछ ।

१) उत्कृष्ट प्रादेशिक ललितकला पुरस्कार

२) प्रादेशिक ललितकला बिशेष पुरस्कार

३) नवप्रतिभा ललितकला प्रादेशिक पुरस्कार

१.सबै विधाहरु मध्येबाट उत्कृष्ट प्रादेशिक ललितकला पुरस्कार - एकजनालाई

-

२.ललितकला विशेष प्रादेशिक पुरस्कार निम्न अनुसार दिइने छ :

१) **चित्रकला**

क.**परम्परागत चित्रकला** - एकजनालाई

ख.**समसामयिक चित्रकला** - एकजनालाई

२) **मूर्तिकला**

क .**परम्परागत मूर्तिकला** - एकजनालाई
ख. **समसामयिक मूर्तिकला** - एकजनालाई
३) **शिल्पकला/हस्तकला** - एकजनालाई
४) **वास्तुकला तथा लोककला (चित्र/मूर्ति)** - दुईजनालाई
**५) वहुआयामिक तथा अन्य सिर्जनात्मक कला** - एकजनालाई
६) नवप्रतिभा **ललितकला प्रादेशिक पुरस्कार** - एकजनालाई

तर कुनै पनि विधामा सामान्यतया कम्तिमा ५ जना कलाकारहरुको सहभागिता नभएमा सो विधालाई पुरस्कारको लागि सिफारिश गरिनेछैन ।

**६.क्याटलग प्रकाशन :**

पुरस्कारका लागि मूल्यांकन भै सकेपछि सबै कलाकृतिको फोटो खिची कलाकारको सामान्य परिचय सहित कलाकार र कलाकृतिको फोटो राखी प्रदर्शनीको क्याटलग प्रकाशन गरिनेछ ।

**७.कलाकृति झुण्ड्याउने (Display) :**

: क) दफा ६ बमोजिम फोटो खिच्ने लगायत कार्य सकिएपछि कलाकृति प्रदर्शनी स्थलमा व्यवस्थित रुपमा राख्ने(Display) कार्य हुनेछ ।

ख) सम्भव भएसम्म अप्रतियोगी कलाकारहरुका कलाकृति छुट्टै स्थानमा Display गरिनेछ ।

**८. अतिरिक्त कार्यक्रमहरु :** प्रादेशिक प्रदर्शनी अवधि भित्र सम्भव भएसम्म आर्ट टक्, आर्ट डिमोन्स्ट्रेसन, आर्ट वर्कशप, कला पुस्तक प्रदर्शनी र ख्याति प्राप्त कलाकारसँग अन्तर्क्रिया जस्ता कार्यक्रमहरुको आयोजना गरिनेछ ।

**९. कार्यान्वयन समिति**

प्रादेशिक ललितकला प्रदर्शनीलाई व्यवस्थित र पूर्ण जनसहभागितामूलक बनाई सफल बनाउन प्रदेशमा आबश्यकता हेरी प्राज्ञपरिषद्ले सो प्रदेशका संयोजक प्राज्ञपरिषद् सदस्यको संयोजकत्वमा मूल आयोजक समिति गठन गर्नेछ । मूल आयोजक समितिले कार्यकारी समिति र कार्यकारी समितिले आबश्यकता अनुसार विभिन्न उपसमितहरु गठन गरी सो समितिका संयोजक र सदस्यहरुको मनोनयन गर्नेछ ।

**क) प्रदेश आयोजक समितिको गठन व्यवस्था**

१. संयोजक - एक जना
२. सह-संयोजक - एक जना
४.सदस्य-सचिव - एक जना
५.सदस्यहरु - आवश्यकता अनुसार मनोनित गरिनेछ ।

**ख) कार्यकारी समिति**

प्रदेश आयोजक समितिले प्रदर्शनीको कार्यसम्पादन गर्न तपसिल अनुसारको एक कार्यकारी समितिगठन गर्नेछ ।

१. संयोजक - एक जना
२. सह-संयोजक - एक जना
३. सचिव - एक जना
४. सदस्यहरु - विभिन्न उपसमितिका संयोजकहरु पदेन सदस्य र अन्य आवश्यकता अनुसार हुनेछन् ।

**ग) उपसमितिहरु गठनको व्यवस्थाः**

**१) आबश्यकता अनुसार निम्न ७ वटासम्म उप-समितिहरु गठनगर्न सकिने छ ।**

क) प्रकाशन उपसमिति

ख)    प्रदर्शन(डिस्प्ले) उपसमिति
ग)    प्रचार प्रसार उपसमिति
घ)    आर्थिक व्यवस्थापनउपसमिति
ङ)    कलाकृति सङ्कलन उपसमिति
च)    सूरक्षा, स्वास्थ्य तथा स्वयंसेवक उपसमिति
छ)    विविधकला गतिविधि व्यवस्थापनउपसमिति

**२)  उप-समितिको गठन निम्न अनुसार हुनेछ :**

क)    संयोजक    - एक जना
ख)    सचिव    - एक जना
ग)    सदस्यहरु    -आवश्यक ठानिएका कार्यकारी समिति र उपसमिति आफैले तोकेका व्यक्तिहरु ।

**१०. <u>समिति तथा उपसमितिहरुका काम कर्तव्य र अधिकार</u>**

समिति,उपसमितिहरुको काम कर्तव्य र अधिकारहरु निम्नबमोजिम हुनेछ ।

**क) <u>मूल आयोजक समितिको काम, कर्तव्य र अधिकार</u>**

१) प्रादेशिक ललितकला प्रदर्शनीलाई भव्यताका साथ आयोजना गर्ने,गराउने ।
२) कार्यकारी समितिको गठन गर्ने ।
३) कार्यक्रमको अनुगमन गर्ने ।
४) निर्देशन दिने ।

**ख) <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>**

१) प्रदर्शनीलाई भव्यताकासाथ आयोजना गर्ने, गराउने ।
२) विभिन्न उप-समितिहरु गठन र क्यूरेटर नियुक्ती गरी कार्य तोक्ने ।
३) समिति,उपसमिति र आवश्यकता अनुरुप विभिन्न निकाय तथा व्यक्तिहरुसँग समन्वयन गर्ने ।
४)स्वीकृत बजेट सिलिङ्ग भित्र रही बिभिन्न शीर्षकहरुमा बजेट बाडफाँड गर्ने ।
५) समुद्घाटन गर्ने व्यक्तित्वको चयन गर्ने, हल बुक गर्ने, गराउने र निमन्त्रणा कार्ड छाप्ने ।
७) प्रमुख अतिथिको समय लिने ।
८) व्यानर, पाल, स्टेज, खाजा, आदिको व्यवस्था गर्ने ।
९) आवश्यक कर्मचारी खटाउने ।
१२) नियमानुसार कार्यक्रम सम्बन्धी बोलपत्र तथा दरभाउपत्र लिई स्वीकृत गर्ने ।
१३) प्रदर्शनी सम्पन्न पश्चात सम्पूर्ण आम्दानी खर्चको प्रतिवेदन तथा फाँटवारी परिषद्मा  पेश गर्ने, गराउने ।
१४)प्रदर्शनी सम्पन्न भएपछि छनौट/मूल्याङ्कन समितिबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेशगर्न छनौट भएका कलाकृतिहरु राष्ट्रिय ललितकला प्रदर्शनीका लागि पठाउने ब्यबस्था मिलाउने ।

**ग) <u>प्रकाशन उपसमितिको काम, कर्तव्य र अधिकार</u>**

१) क्याटलगको डिजाइन तथा मुद्रण गर्ने, गराउने ।
२) क्याटलग बितरण गर्ने, गराउने ।

**घ) <u>प्रदर्शन(डिस्प्ले) उपसमितिको काम, कर्तव्य र अधिकार</u>**

१) कलाकृतिहरुलाई व्यवस्थित ढंगबाट प्रदर्शन गर्न, गराउन क्यूरेटरसँग समन्वय गर्ने ।

**ङ) <u>प्रचार प्रसार उपसमितिको काम, कर्तव्य र अधिकार</u>**

१) प्रदर्शनीको प्रचार-प्रसारको कार्य गर्ने, गराउने ।
२) प्रेस कन्फरेन्स आयोजना गर्ने व्यवस्था मिलाउने ।
४) प्रेस रिलिज गर्ने गराउने।

**च) आर्थिक व्यवस्थापन उपसमितिको काम, कर्तव्य र अधिकार**

१) अनुमानित बजेट बनाई कार्यसमितिमा स्वीकृतिका लागि पेश गर्ने ।
२) समिति, उपसमितिहरुकालागि पारीत वजेट निकासा गर्ने ।
३) प्रदर्शनी सम्पन्न भएपछि पेश्की फछ्र्योट गर्न लगाउने ।

**छ) कलाकृति सङ्कलन उपसमितिको काम, कर्तव्य र अधिकार**

१) प्रदर्शनीकालागि कलाकृति सङ्कलन गर्ने गराउने ।
२) प्रदर्शनी समाप्त भएपछि राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेशहुन सिफारिस भएका कलाकृति प्रतिष्ठानमा पठाउने र अन्य सङ्कलित कलाकृतिहरु कलाकारलाई फिर्ता पठाउन आबश्यक पहल गर्ने ।

**ज) सूरक्षा, स्वास्थ्य तथा स्वयंसेवक उपसमिति**

१) प्रदर्शनी अवधिभर समारोह एवं प्रदर्शित कलाकृतिहरुको सुरक्षाका लागि उचित व्यवस्था मिलाउने ।
२) प्राथमिक उपचारका औषधि एवं अन्य सामग्रीको व्यवस्थापन गर्नुका साथै उद्घाटन र समापनको बेला कुनै आकस्मिक सेवाका लागि ऐम्बुलेन्सको व्यवस्था गर्ने,गराउने ।
३) प्रदर्शनीको उचित व्यवस्थापनका लागि आवश्यकता अनुसार स्वयंसेवकको व्यवस्था मिलाउने

**झ) अतिरिक्त कृयाकलाप व्यवस्थापनउपसमिति**

प्रदर्शनीअवधिभर गरिने विविध (आर्ट टक, आर्ट डिमोन्स्ट्रेसन, आर्ट वर्कसप, कला पुस्तक प्रदर्शनीर ख्याति प्राप्त कलाकारसँग अन्तर्क्रिया)कार्यक्रमहरुका लागि आवश्यक व्यवस्था मिलाउने ।

## ११. प्रादेशिक ललितकला प्रदर्शनीको लागि खर्च शीर्षक

क) बिनियोजित बजेट निम्न शिर्षकमा बाँडफाड गर्न सकिने छ ।

१. पुरस्कार
२. क्याटलग छपाई
३. विज्ञापन
४. समारोह
५. प्रमाण पत्र, ब्यानर, निमन्त्रणा आदि छपाई
६. खाजा र खाना
७. क्युरेटर तथा अन्य सहयोगी
८. निर्णायक र अन्य भत्ता
९. यातायात र अन्य बिबिध
१०. फोटोग्राफी तथा भिडियोग्राफी
११. सुरक्षा, स्वंयम्सेवक, अतिरिक्त क्रियाकलाप आदि

## १२. विविध

क) आर्थिक व्यवस्थापन उपसमितिले विभिन्न समिति, उपसमितिहरुलाई स्वीकृत बजेट पेश्कीका रुपमा उपलब्ध गराउनेछ ।

ख) प्रदर्शनी सम्पन्न भएको ७ दिनभित्र सबै समिति उपसमितिहरुले आर्थिक नियमानुसार आफुले लिएको पेश्की फर्छ्यौट गर्न कार्यकारी समितिमा पेश गर्नु पर्नेछ ।

# अनुसूची १

**दफा ३ को खण्ड(क) को (१) सँग सम्बन्धित**

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान

***NEPAL ACADEMY OF FINE ARTS***

"प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनी-२०..... सम्बन्धी जरुरी सूचना"

**सूचना प्रकाशित मितिः ...............**

**नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा ५ को खण्ड (ट) समेतको प्रयोजनको लागि प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८० बमोजिम यस प्रज्ञा-प्रतिष्ठानद्वारा निम्न मितिमा निम्न प्रदेशमा आयोजना हुने प्रादेशिक ललितकला प्रदर्शनीमा प्रतियोगी/अप्रतियोगी कलाकृति र २०८१ जेठ १५ गते काठमाडौंमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा अप्रतियोगी र आमन्त्रित कलाकृति बुझाउन प्रदेशको हकमा सम्बन्धीत प्रदेशको तोकिएको स्थानमा र राष्ट्रिय प्रदर्शनीको हकमा यस नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नक्सालमा तल उल्लेखित मितिभित्र आ-आफ्ना कलाकृतिहरु बुझाउन ल्याउनुहुन नेपालभरिका ललितकलाकर्मीहरुलाई हार्दिक आह्वान गरिन्छ। यो सूचना प्रतिष्ठानको वेवसाइट www.nafanepal.org र यस प्रतिष्ठानको आधिकारिक Facebook पेजमा समेत हेर्न सकिनेछ।**

❖ **प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनीका लागि कलाकृति प्रदर्शनी हुने मिति, बुझाउने स्थान र अन्तिम मिति,**

**क) प्रादेशिक प्रदर्शनी**

| क.सं | प्रदेशको नाम | प्रदर्शनी हुने मिति | कलाकृति बुझाउनुपर्ने स्थान | कलाकृति बुझाउने अन्तिम मिति |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | | | |
| २ | मधेश प्रदेश | | | |
| ३ | बागमति प्रदेश | | | |
| ४ | गण्डकी प्रदेश | | | |
| ५ | लुम्बिनी प्रदेश | | | |
| ६ | कर्णाली प्रदेश | | | |
| ७ | सुदूरपश्चिम प्रदेश | | | |
| **ख)** | **राष्ट्रिय ललितकला प्रदर्शनी** | **२०८१/२/१५** | **नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नक्साल, काठमाडौं** | |

❖ **प्रदर्शनीसम्बन्धी नियमहरु :**

१) प्रदर्शनीमा सहभागी हुन चाहने कलाकारले यस सूचनामा तोकिएको अवधि भित्र प्रतिष्ठान र प्रदेशबाट उपलब्ध हुने अनुसूची २ अनुसारको आवेदन फारम अनिवार्य रुपमा भरी आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीका लागि तोकिएको स्थानमा प्रदर्शनीमा राख्न चाहेको आफ्नो कलाकृति दर्ता गराउनु पर्ने छ। तर अप्रतियोगी कलाकारले भने आफ्नो स्थायी ठेगाना रहेको प्रदेशमा हुने प्रादेशिक ललितकला प्रदर्शनीमा वा सोझै राष्ट्रिय ललितकला प्रदर्शनीमा आ-आफ्ना कलाकृति बुझाउन सक्नेछन्।

२) प्रतियोगिताका लागि समावेश गरिने कलाकृतिहरु एक वर्षभित्रै सिर्जना गरिएको, मौलिक सिर्जना हुनुका साथै कुनै पनि प्रदर्शनीमा समावेश नभएको हुनुपर्नेछ। तर-

क) प्रतिष्ठानले आमन्त्रण गरिएका कलाकार र तोकिएका अन्य कलाकारका हकमा छनोटको प्रावधान लागु हुने छैन। तर विगतका राष्ट्रिय ललितकला प्रदर्शनीमा प्रदर्शित भैसकेका कलाकृतिहरु भने प्रदर्शनीकालागि मान्य हुने छैनन्।

ख) प्रतिस्थापन कलाको हकमा २ वर्ष भित्रको कामलाई मान्यता दिइनेछ।

४) कलाकृतिहरुको माध्यम जुनसुकै पनि हुन सक्नेछ।

५) हुबहू नक्कल गरिएको (Copy Work) कलाकृतिलाई प्रतियोगितामा समावेश गराइने छैन।

६) प्रदर्शनीमा सहभागी हुने कलाकार १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्नेछ तर विद्यार्थी कलाकारको हकमा १६ बर्ष उमेर पुगेका कलाकारका कलाकृतिलाई पनि प्रदर्शनीमा समावेस गर्न सकिनेछ।

७) सहभागी हुन चाहने कलाकारले कलाकृति बुझाउँदा निम्न कागजातहरु सङ्लग्न राखी बुझाउनु पर्नेछ।

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) पोस्टकार्ड साइजको रङ्गीन फोटो १ प्रति

ग) आफ्नो व्यक्तिगत विवरण (बायोडाटा)

११) प्राप्त कलाकृतिलाई प्रदर्शनी वा प्रतियोगितामा सहभागिताका लागि कार्यविधि बमोजिमको छनोट/मूल्याङ्कन समितिले छनोट गरी प्राज्ञपरिषद्मा सिफारिश गर्नेछ। छनोट समितिको सिफारिसलाई यथावत् रुपमा अनुमोदन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्राज्ञपरिषद्मा रहनेछ।

१२) छनोटमा नपरेका कलाकृतिलाई प्रदर्शनीमा समावेश गराइनेछैन।

१३) उत्कृष्ट कलाकृतिलाई राष्ट्रिय र प्रादेशिक रुपमा यस सूचनामा उल्लेख भए बमोजिम पुरस्कारको व्यवस्था गरिनेछ।

१४) प्रदर्शनीमा एकजना कलाकारले कुनै दुईवटासम्म कलाकृति समावेश गर्न सक्नेछ।

१५) एकजना कलाकार बढीमा तीन पटक (कुनै तीनवटा राष्ट्रिय ललितकला प्रदर्शनीमा) सम्म पुरस्कृत हुन सक्नेछ। लगातार ३ पटक सर्वोत्कृष्ट पुरस्कार पाएमा त्यस्तो कलाकारलाई ललितकला स्वर्ण पदक प्रदान गरिनेछ।

१६) प्रतियोगितामा सहभागी हुन चाहने कलाकारहरुले आवेदन फाराम बापत रु......... र अप्रतियोगी कलाकारले रु............शुल्क बुझाउनुपर्नेछ। तर आमन्त्रित कलाकारले यो शुल्क बुझाउनु पर्ने छैन।

१७) प्रदर्शनी समाप्त भएपछि प्रदर्शनीमाका लागि प्राप्त कलाकृतिहरुमध्ये प्रदेश प्रदर्शनीबाट छनोट भई भएका कलाकृतिहरु प्रतिष्ठानकै तर्फबाट सम्बिन्धित प्रदेशमा पुऱ्याउने व्यवस्था गरिनेछ। त्यसरी प्रदेशमा पुऱ्याइएका कलाकृति प्रदेशमा पुऱ्याएको एक हप्ताभित्र र राष्ट्रिय प्रदर्शनीमा सोझै समावेश भएका कलाकृतिहरु प्रदर्शनी सकिएको एक हप्ताभित्र फिर्ता लैजानु पर्ने तोकिएको समयभित्र फिर्ता नलगी कलाकृति हराएमा, बिग्रिएमा वा कुनै हानी-नोक्सानी भएमा प्रतिष्ठान जिम्मेवार हुने छैन १८) भवितव्य परी कुनै पनि कलाकृतिको हानि-नोक्सानी हुन गएमा प्रतिष्ठान जवाफदेही हुनेछैन।

❖ <u>**प्रदर्शनीमा निम्न विधाका कलाकृतिको निम्न मापदण्ड बमोजिमका मौलिक कलाकृतिहरु मात्र समावेश गरिनेछ।**</u>

**१) चित्रकला :** क) समसामयिक चित्रकला : न्यूनतम आकार २×२ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ।

ख) परम्परागत चित्रकला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ।

ग) मुद्रणकला छायाँचित्र (प्रिन्टमेकिङ्ग) कला : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ।

**२) मूर्तिकला :** स्ट्याण्ड वा प्याडेस्टल बाहेक न्यूनतम १ फिट माथिको र अधिकतम ८×८×८ फिटसम्म उचाईको र .....फिटसम्म चौडाईको हुनुपर्नेछ। सजिलैसँग टुटफुट हुनसक्ने किसिमका मूर्तिहरु टुटफुट हुन गएमा प्रतिष्ठान जिम्मेवार हुने छैन।

**३) वास्तुकला (शास्त्रीय) (Classic Architecture)** मौलिक र सोको सिर्जनात्मक मोडेल घटीमा (बेसमेन्ट बाहेक) २×१.५×१ र बढीमा ६×४×३ फिटसम्मको हुनुपर्नेछ। साथै त्यसको ड्इङ / स्केचसमेत पेश गरेको हुनुपर्नेछ।

**४) सिर्जनात्मक छविकला ( Creative Photography):** फ्रेमसहित कम्तिमा १५×२२ देखि बढीमा २४×३६ ईन्चसम्मको हुनुपर्नेछ।

**५) भिडियो आर्ट :** बढीमा २ वटा क्लिप्ससम्म अधिकतम ३ मिनेटका DVD/Pendrive मा सम्पादनसहितको २ थान पेश गर्नुपर्नेछ।

**६) प्रतिस्थापन कला** (Installation Art): प्रतिस्थापन कला (Installation Art) प्रदर्शनीमा राख्न चाहने कलाकारले कलाकृति बुझाउन तोकिएको अन्तिम म्याद भित्रै बढीमा २०० शब्दको अवधारणा पत्र (Concept Paper) अनिवार्य रुपमा बुझाउनु पर्ने छ। साथमा तीन/चार साइडको एक/एकप्रति तस्बिर पनि पेश गर्नु पर्ने छ। राष्ट्रिय ललितकला प्रदर्शनीका लागि गठित छनोट/मूल्याङ्कन समितिको बैठक बस्नुभन्दा तीन दिन अगाडि नै ( कलाकारलाई बैठक बस्ने दिन सम्बन्धमा प्रतिष्ठानले जानकारी गराउनेछ) प्रतिष्ठानद्वारा तोकेको स्थान, मिति र समयमा बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शित गर्नु पर्ने छ। छनोट/मूल्याङ्कन समितिबाट मूल्याङ्कन भएपछि प्रदर्शनी शुरु हुनु भन्दा ३ दिन अगाडि नै तोकिएको बढीमा २०० वर्ग फिट क्षेत्रमा आफ्नो कलाकृति प्रदर्शनका लागि प्रतिस्थापन गरिसक्नु पर्नेछ।

७) **भावभङ्गीमा कला (Performance Arts) :** राष्ट्रिय ललितकला प्रदर्शनीमा कलाकृति बुझाउन तोकिएको म्यादभित्रै तोकिएको दर्खास्त साथ बढीमा २०० शब्दको अवधारणापत्र ( concept paper) प्रस्तुत गरी सो कलाको बढीमा ५ मिनेटसम्मको Video Clip अनिवार्य बुझाउनु पर्ने छ। उक्त video clip छनोट/मूल्याङ्कन समितिले तोकेको मिति, समय र स्थानमा प्रस्तुत गर्नु पर्ने छ।

**८) मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला:**

**(क) मौलिक दृष्टान्त चित्रकला :** मौलिक दृष्टान्त कलाको न्यूनतम आकार ८x१२ र अधिकतम १४x२४ इन्च सम्मको एक वा एकभन्दा बढी शृङ्खला हुनुपर्नेछ ।

**(ख) कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला :** न्यूनतम आकार १५ ×२२ इन्च र अधिकतम २४×३६ इन्चसम्मको हुनुपर्नेछ।

९) **लोककला** : न्यूनतम आकार १×१ र अधिकतम आकार ६×६ फिटसम्मको हुनुपर्नेछ।

१०) **हस्तकला** : न्यूनतम आकार ६ इन्चदेखि अधिकतम आकार ७२ इन्चसम्मको हुनुपर्नेछ।

<u>**❖पुरस्कारको व्यवस्था**</u>

१) प्रादेशिक ललितकला प्रदर्शनीमा समावेश भई सो प्रदर्शनीबाट राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गर्न सिफारिस भई राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भएका कलाकृतिहरुमध्ये उत्कृष्ट कलाकृतिलाई निम्नअनुसार पुरस्कारको व्यवस्था गरिनेछ।

क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार
ख) राष्ट्रिय ललितकला पुरस्कार
ग) ललितकला विशेष पुरस्कार
घ) नवप्रतिभा ललितकला राष्ट्रिय पुरस्कार

(क) सर्वोत्कृष्ट राष्ट्रिय ललितकला पुरस्कार- सबै विधाहरु मध्येबाट सर्वोत्कृष्ट एकजनालाई
(ख) राष्ट्रिय ललितकला पुरस्कार - प्रत्येक विधामा उत्कृष्ट एक-एकजनालाई
(ग) ललितकला विशेष पुरस्कार निम्न अनुसार दिइने छ :

| | | |
|---|---|---|
| १. **चित्रकला** | | |
| क.**परम्परागत चित्रकला** | - | एकजनालाई |
| ख.**समसामयिक चित्रकला** | - | एकजनालाई |
| २. **मूर्तिकला** | | |
| क .**परम्परागत मूर्तिकला** | - | एकजनालाई |
| ख. **समसामयिक मूर्तिकला** | - | एकजनालाई |
| ३. **शिल्पकला/हस्तकला** | - | एकजनालाई |
| ४. **वास्तुकला तथा लोककला (चित्र/मूर्ति)** | - | दुईजनालाई |

५. **वहुआयामिक तथा अन्य सिर्जनात्मक कला** - एकजनालाई

६. नवप्रतिभा **ललितकला राष्ट्रिय पुरस्कार** - - एकजनालाई

२) माथि उल्लेखित राष्ट्रियस्तरका पुरस्कारका लागि कलाकृतिको मूल्याङ्कन गरी सिफारिस गरिसकेपछि छनोट/मूल्याङ्कन समितिले राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश भई केन्द्रियस्तरको पुरस्कार नपाएका प्रतियोगी कलाकृतिहरुमध्येबाट मूल्याङ्कन गरी प्रादेशिक ललितकला प्रदर्शनी सम्बन्धी कार्यविधि २०८० को दफा ५ मा व्यवस्था भएबमोजिमका प्रादेशिक पुरस्कारहरुका लागि प्रदेशगत रुपमा सिफारिस गर्नेछ ।

३) पुरस्कारको राशी सम्बन्धमा आवश्यकता अनुसार प्राज्ञ परिषद्बाट निर्णय हुनेछ ।

**नोट** : यस सूचनामा प्रष्ट नभएका कुराहरुको व्याख्या प्राज्ञपरिषद्ले गर्नेछ ।

**नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौं ।**
**टेलिफोन :४४११७२९/४४११६४५ E-mail: info@nafanepal.org; chancellor@nafanepal.org**
**वेवसाईट : www.nafanepal.org**

**अनुसूची २**

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
*NEPAL ACADEMY OF FINE ART*

**दफा ३ को खण्ड(क) को (१) सँग सम्बन्धित**
**प्रादेशिक र राष्ट्रिय ललितकला प्रदर्शनी-२०........**
**Provincial and National Exhibition of Fine Arts-20**

**कलाकृति दर्ता फाराम**
**Artwork Registration**

दर्ता नं. र मिति :
Registration No. & Date

| **कलाकारको फोटो** |
|---|

**१.व्यक्तिगत विवरण -**

कलाकारको नाम :
Artist Name:
ठेगाना :
Address :
सम्पर्क नं. :
Contact Number :
जन्म मिति :
Date of Birth :
शैक्षिक योग्यता :
Education :
ई-मेल :
Email :
लिंग :
Gender :
प्रदेश :
Province :

**२. कलाकृतिको विवरण**

क) शीर्षक( Title ) :
ख) विधा ( Genare ):
ग) कलाकृति संख्या ( Number of arts ) :
घ) प्रतियोगी/अप्रतियोगी/ नवप्रतिभा प्रतियोगी ( Competitor/ Non Competitor/ competitor new talent )
ङ ) माध्यम ( Medium ):
च) साइज (Size):
छ) मूल्य (Price):
ज) कलकृतिको मुख्य धारणा (Theme)

१) यो कलाकृति एक वर्षभित्र सिर्जना गरिएको मेरो आफ्नै मौलिक कलाकृति हो ।
२) यो कलाकृति यसअघि कुनै प्रदर्शनीमा राखिएको छैन ।
माथि लेखिएको सबै ब्यहोरा ठिक साँचो हो । फरक परेमा वा झुठा ठहरेमा नियमानुसार कारवाही भएमा मन्जुर छ ।

**३.संलग्न-**

१)कलाकारको व्यक्तिगत विवरण ( Bio–data ) :
२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि । (सक्कल प्रमाणपत्र अनिवार्य )
३) पोस्टकार्ड साइजको रङ्गीन फोटो एकप्रति

नोटः-१) एकजना कलाकारले दुईवटासम्म कलाकृति समावेश गर्न सकिनेछ ।
२) ठेगाना जुन प्रदेशको छ कलाकृति सोही प्रदेशमा बुझाउनु पर्नेछ ।

हस्ताक्षर
Signature
मिति :
Date

**नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, नक्साल, काठमाडौं ।**
**टेलिफोन :४४११७२९/४४११६४५ E-mail: info@nafanepal.org; chancellor@nafanepal.org**
**वेवसाईट : www.nafanepal.org**